आज मिति २०८२-०१-०५ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | शालिकराम पन्थी | प्र.प्र.अ. | छत्रदेव गा.पा. ६ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिद बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

Scanned with CamScanner

१२/५

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | हुम बहादुर थापा | कृषि किसान आबद्ध | महान गा.पा. | | [illegible] | |
| १९ | प्रेम बहादुर बस्नेत | मझौला कि. | ,, | — | [illegible] | |
| २० | | | | | | |
| २१ | | | | | | |
| २२ | | | | | | |
| २३ | | | | | | |
| २४ | | | | | | |
| २५ | | | | | | |
| २६ | | | | | | |
| २७ | | | | | | |
| २८ | | | | | | |
| २९ | | | | | | |
| ३० | | | | | | |
| ३१ | | | | | | |
| ३२ | | | | | | |
| ३३ | | | | | | |
| ३४ | | | | | | |
| ३५ | | | | | | |
| | | | | | | |
| | | | | | | |

कार्यपालिका बैठक संख्याः- १३

मिति २०८२/०१/०५ गतेको बैठक

**प्रस्तावहरुः-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. कर्मचारी तह वृद्धि सम्बन्धमा ।
३. पुस्ताकालय सम्बन्धमा ।
४. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई प्रस्तावनाको आधारमा अनुदान सम्बन्धमा ।
५. सिपमुलक तालिम कार्यक्रमको सम्बन्धमा ।
६. कोदो प्रोत्साहनमा कृषक छनौट सम्बन्धमा ।
७. टिमुर खेती सम्बन्धमा ।
८. कृषक प्रोत्साहन सम्बन्धमा ।
९. मासु पसल सुधार सम्बन्धि कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।
१०. प्रदेश विशेष योजना माग सम्बन्धमा ।
११. प्रदेश समपुरक योजना माग सम्बन्धमा ।
१२. डिजिटल प्रोफाइल सम्बन्धमा ।
१३. आर्थिक सहायता सम्बन्धमा ।
१४. विविध।

Scanned with CamScanner

## निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/१२/०५ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु स्थानीय तहको इच्छा र प्रतिवद्धता सूचक/मापदण्ड सम्बन्धमा, वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानी हिस्सा विनियोजन गर्न प्रतिबद्धता सम्बन्धमा, पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्वन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता सम्बन्धमा, स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गरी सो को मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता सम्बन्धमा, पुकोट कोटको रकम साझेदारी सम्बन्धमा, कंकेदेउराली जलाशययुक्त खानेपानी सम्बन्धमा, टोप्रे गुफाका लागि जग्गा उपलब्ध सम्बन्धमा, टोप्रे गुफाका लागि पर्यटकिय पुर्वाधार निर्माणका लागि बजेट माग सम्बन्धमा, भूमी समस्या सहजिकरण समिति गठन सम्बन्धमा, भूमीको सूचना प्रकाशन सम्बन्धमा, तालिमहरु संचालन सम्बन्धमा ।(लघु उघम तालिम र सासु बुहारी अन्तर्क्रिया कार्यक्रम लगायत), सार्वजनिक सुनुवाई सम्बन्धमा, प्रदेशमा माग गर्नुपर्ने कृषि तथा पशुपन्छी विकास शाखाको योजनाहरुको सम्बन्धमा, कोल्डस्टोर माग सम्बन्धमा, ग्रामीण अल्ट्रासाउन्ड माग सम्बन्धमा, धाराचौरको जिर्ण भवन भत्काउने सम्बन्धमा, सडकको विवरण उपलब्ध गराउने सम्बन्धमा, स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा निर्णयहरुको समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लुम्बिनी प्रदेश निजामति सेवा ऐन २०८१, तथा नियमावली २०८१ बमोजिम नियमानुसार तह मिलान तथा तह वृद्धि हुने कर्मचारीको तह मिलान तथा तह वृद्धि गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

३. यस गाउँपालिकामा संघिय शसर्त अन्तर्गत पुस्तकालय निर्माणको प्रस्ताव परेको आधारमा मदाने ०२ बाँझकटेरीको बालविकास नि.मा.वि र मदाने ०६ पुर्कोटदहको धाराचौर आधारभुत विद्यालयलाई तिन लाख पच्चिस हजारका दरले दिने निर्णय सर्व-सम्मत पारित गरियो ।

४. यस मदाने गाउँपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयहरुलाई प्रस्तावनाको आधारमा अनुदान दिनको लागि मदाने ०३ सिर्सेनीको रियाले मा.वि लाई तिन लाख र मदाने ०१ अग्लुङ्गको अग्लुङ्ग मा.वि लाई २ लाखका दरले दिने निर्णय सर्व-सम्मत पारित गरियो ।

५. यस मदाने गाउँपालिकामा सिपमुलक तालिम कार्यक्रम सञ्चालनको लागि पुन ७ दिनको सूचना निकाली सबै वडालाई संलग्न गराई गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

Scanned with CamScanner

६. यस मदाने गाउँपालिकामा आ.व. २०८१/०८२ को वार्षिक बजेट अनुसार कोदो प्रोत्साहनमा कृषक छनौट गर्दा प्रत्येक वडाबाट तपसिलका कृषक छनौट भएका कृषकलाई सम्मान गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क्र.स. | नाम थर | ठेगाना | कैं. |
|---|---|---|---|
| २ | डुके भुसाल | मदाने-०२ | |
| ३ | रत्न बहादुर घर्ति क्षेत्री | मदाने-०३ | |
| ४ | शिव बहादुर थापा | मदाने-०४ | |
| ५ | चुमान सिंह खड्का | मदाने-०५ | |
| ६ | जगत बहादुर कुँवर | मदाने-०६ | |
| ७ | खड्क बहादुर जि.सी. | मदाने-०७ | |

७. यस मदाने गाउँपालिकामा आ.व. २०८१/०८२ को वार्षिक बजेट अनुसार टिमुर खेती प्रर्वद्धन कार्यक्रम अन्तर्गत कम्तिमा १ रोपनीको जग्गामा लगाउन मिल्ने गरी कृषक, कृषि समूह, कृषक फर्म, विद्यालयहरु समेतले गर्न सक्ने गरी सूचना निकाल्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. यस मदाने गाउँपालिकामा आ.व. २०८१/०८२ को वार्षिक वजेट अनुसार कृषक प्रोत्साहन कार्यक्रमको लागि सूचना निकाल्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

९. मदाने गाउँपालिकामा मासु पसल सुधारको लागि मासु पसल सुधार सम्वन्धि कार्यविधि निर्माण गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. मदाने गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश विशेष योजना मागको लागि प्रदेश योजना आयोगमा तपसिलमा उल्लेखित योजना माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क्र.स. | योजनाको नाम | ठेगाना | यस आ.व.मा प्राप्त रकम | आगामी आ.व.मा आवश्यक रकम | योजना प्राथमिकता | कैं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ग्वारीखोला वृहत खानेपानी योजना | मदाने-६ पुर्कोटदह | ० | ४०,००,०००।- | १ | |
| २ | जनसेवा आ.वि पुर्वाधार विकास योजना | मदाने-७ भनभने | ० | ४०,००,०००।- | २ | |

११. मदाने गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश समपुरक योजना मागको लागि प्रदेश अर्थ मन्त्रालयमा तपसिलमा उल्लेखित योजना माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो।

तपसिलः-

| क्र.स. | योजनाको नाम | ठेगाना | कुल लागत अनुमान रकम रु. | आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित योजनाहरु | | | योजना प्राथमिकता | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गाउँपालिकाले व्यहोर्ने लागत रकम रु. | प्रदेश सरकारसँग प्रस्ताव गरिएको रकम रु. | कुल जम्मा रकम रु. | | |
| १ | पञ्चमपोखरी शैरे भोटमारा अग्लुङ फेदी मो.वा.योजना | मदाने १ | २,००,००,०००/- | ६०,००,०००/- | १,४०,००,०००/- | २,००,००,०००/- | १ | |
| २ | म्यालपोखरी मा.वि. पुर्वाधार निर्माण योजना | मदाने ४ | २,००,००,०००/- | ६०,००,०००/- | १,४०,००,०००/- | २,००,००,०००/- | २ | |

१२. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिवीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका देहायका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो।

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | जनसेवा आ.वि पुर्वाधार विकास योजना | मदाने-७ भनभने | ० | ४०,००,०००।- | २ | |

११. मदाने गाउँपालिकावाट आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेश सम्पुरक योजना मागको लागि प्रदेश अर्थ मन्त्रालयमा तपसिलमा उल्लेखित योजना माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो।

<u>तपसिल:-</u>

| क्र.स. | योजनाको नाम | ठेगाना | कुल लागत अनुमान रकम रु. | आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित योजनाहरु | | | योजना प्राथमिकता | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गाउँपालिकाले व्यहोर्ने लागत रकम रु. | प्रदेश सरकारसँग प्रस्ताव गरिएको रकम रु. | कुल जम्मा रकम रु. | | |
| १ | पञ्चमपोखरी शैरे भोटमारा अग्लुङ फेदी मो.वा.योजना | मदाने १ | २,००,००,०००/- | ६०,००,०००/- | १,४०,००,०००/- | २,००,००,०००/- | १ | |
| २ | म्यालपोखरी मा.वि. पुर्वाधार निर्माण योजना | मदाने ४ | २,००,००,०००/- | ६०,००,०००/- | १,४०,००,०००/- | २,००,००,०००/- | २ | |

१२. मदाने गाउँपालिकामा गाउँपालिकाको समग्र विषयवस्तु झल्किने गरी डिजिटल प्रोफाइल तयार गर्नका लागि प्रस्तावना माग भई श्री क्यूसेरा मल्टिप्रपोज प्रा.लि संग सम्झौता भएकोमा उक्त फर्मले प्रारम्भिक प्रतिवेदन पेश गरेको हुनाले सो प्रतिवेदन माथी छलफल गरियो र साथै उक्त प्रतिवेदनमा सबै डाटाहरु संकलन भैनसकेको हुनाले थप डाटाहरु समेत समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्न लगाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१३. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिवीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका देहायका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

Scanned with CamScanner

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | भक्त बहादुर कुँवर | मदाने-०६ | पिसाव थैलीमा समस्या | ५०००/- | |
| २. | भुपे खत्री | मदाने-०४ | लडेर टाउको चोट परेको | ५०००/- | |
| ३. | ज्ञान बहादुर दमाई | मदाने-०४ | विरामी परेको | ५०००/- | |
| ४. | रुद्र बहादुर ओली | मदाने-०४ | विरामी परेको | ५०००/- | |
| ५. | जिवि नेपाली | मदाने-०६ | मुटुमा समस्या | ५०००/- | |

१४. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १३ (आ.व. २०८१/०८२) को मिति २०८२/०१/०५ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।